लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

रुपन्देही

सम्पर्क फोन नं.: ०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्याः ०८०/०८१
च.न.:

## आ.ब. ०७९/८०को प्रतिफलमा आधारित प्रोत्साहन अनुदान वितरण सम्वन्धि प्रस्ताव आहवानको सूचना

(सूचना नं. ०२/०८०/८१)

सूचना प्रकाशित मितिः २०८०/०९/०४

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ.ब. ०८०/०८१को स्वीकृत बार्षिक कार्यक्रम प्रतिफलमा आधारित प्रोत्साहन अनुदान तपसिलका बाली/वस्तुमा **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** बमोजिम संलग्न भई प्रोत्साहन अनुदान लिन इच्छुक प्रस्तावकहरुले आजको मितिले ३०(तीस) दिन भित्र (मिति २०८०।१०।०४ गते कार्यालय समय भित्र) कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक कार्ययोजना, उत्पादन प्रवर्द्धन दिने आधारहरु, प्रमाणित गर्ने आधारहरु, संलग्न गर्नु पर्ने अन्य कागजातहरु र सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाईट र कार्यालयमा प्रत्यक्ष सम्पर्क गरी प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी आएका वा अन्य कुनै निकायबाट तोकिएको बाली/वस्तुमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्राप्त गरेका प्रस्तावहरू समावेश नहुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिलः

| क.सं. | बाली/वस्तुको विवरण | स्वीकृत बजेट रु. लाखमा | प्रस्तावकको किसिम | प्रोत्साहन रकम रु. |
|---|---|---|---|---|
| १ | दुध उत्पादन | २५० | समुह/सहकारी/निजि उद्यमी/निजि डेरी/कम्पनी | प्रति लिटर अधिकतम रु. २/- |
| २ | माछा/मासु/अण्डा (बाख्रा/भेडा/बगुंर/रागां/माछा) | | समुह/सहकारी/निजि उधमी | प्रति किलोग्राम अधिकतम<br>जिउँदो खसी/बोका/भेडा रु. २५/-,<br>जिउँदो राँगा/बगुंर रु. १५/-,<br>माछा रु. १५/-,<br>प्रति हजार अण्डामा रु. २५०/- |
| ३ | मत्स्य ह्याचरी तथा नर्सरी | | मत्य ह्याचरी तथा नर्सरी संचालन गरिरहेका निजी उधमी | ह्याचलिङ्ग रु. ३००/लाख,<br>फ्राई रु. २०००/लाख,<br>फिङ्गरलिङ्ग रु. ५०००/लाख,<br>एडभान्स फिङ्गरलिङ्ग रु. १००००/लाख,<br>ईयरलिङ्ग रु. १/गोटा |

०३/०४

दिपक भुसाल
प्रमुख (अधिकृतस्तर नवौं)

जय पशु धन, जय मत्स्य

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

रुपन्देही

सम्पर्क फोन नं.: ०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्या: ०८०/०८१
च.न.:

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. प्रस्तावकको निवेदन (अनुसूची-३६ बमोजिम)
२. समुह/सहकारी वा फर्म वा उद्योग वा कम्पनी दर्ता/नविकरणको प्रमाण-पत्रको प्रतिलिपि
३. कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
४. गत आ.ब.को (०७९/०८०) परिमाण (दुधको हकमा लिटर, मासुको हकमा किलोग्राम तथा संख्या, माछाको हकमा किलोग्राम र अण्डा तथा मत्स्य विजको हकमा संख्या) खुलेको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी
५. कृषकहरुबाट खरिद गरी बिक्री वितरण गर्ने संस्थाहरुले कृषकहरुको नामनेसी सहितको परिमाण खुलेको बार्षिक विवरण
६. कार्ययोजना अनुसूची-३८ बमोजिम
७. कार्यक्रम सञ्चालन भएको स्थलको फोटोहरु
८. सम्वन्धित स्थानिय तहको सिफारिस
९. जगगाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जगगा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार पत्र
१०. विमाका कागजातहरु

**थप जानकारीको लागि कार्यालयको Website: www.rupandehi.vethos.gov.np, फोन नं. ०७१५७०२०६, मोवाईल नं. ९८५७०११२६१मा सम्पर्क राख्न अनुरोध छ।**

०३/०४

दिपक भुसाल
प्रमुख (अधिकृतस्तर नवौं)

जय पशु धन, जय मत्स्य

## अनुसूची-३६

(दफा १० सँग सम्बन्धित)

**प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागी हुन चाहने इच्छुकले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा**

मितिः

श्री ................ ज्यू,

................................................. ।

विषयः प्रतिफल (उत्पादन प्रवर्द्धन) मा आधारित कृषक सहयोग कार्यक्रममा सहभागी हुन पाँउ।

महोदय,

प्रस्तुत विषयमा मिति .......................... मा प्रकाशित सूचना अनुसार यस ...............................ले उत्पादन .................. बाली/वस्तु प्रतिफल (उत्पादन प्रवर्द्धन) मा आधारित कृषक सहयोग कार्यक्रममा समावेश हुन ईच्छुक रहेकोले तपसिल अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेका छौं।

तपसिल ः

| १. समूह/सहकारी वा सस्था वा कम्पनी दर्ता/ नवीकरणको प्रमाणपत्र | **छ** | **छैन** |
|---|---|---|
| २. कर चुक्ता प्रमाणपत्र | | |
| ३. संस्थाको हकमा गत वर्षको लेखापरीक्षणको प्रतिवेदन | | |
| ४. कार्ययोजना | | |
| ५. कार्यक्रम सञ्चालन भएको स्थलको फोटोहरू | | |
| ६. सम्बन्धित स्थानीय तहको सिफारिस | | |
| ७. अन्य उल्लिखित कागजातहरू | | |

प्रस्तावक

नामः .......................

पदः ..........................

दस्तखतः .......................

पदः .......................

मितिः .......................

संस्थाको छापः .......................

६

## अनुसूची–३८

(दफा १० सँग सम्बन्धित)

**कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना (पशुपन्छी तर्फ)**

कार्यक्रमको नामः

जिल्लाः गा.पा./न.पा./उ.न.पा.: वडा नं.: टोलः गाउँः

आवेदकको नामः

सञ्चालक/अध्यक्षको नामः सम्पर्क नं :

१. व्यावसायको परिचयः

२. उद्देश्यहरू :

३. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

४. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरू :

५. व्यवसाय सम्भाव्यताका आधारहरू (उत्पादन, प्रशोधन, प्रवर्द्धन र बजारीकरणका सम्भागहरू बारे विस्तृत विवरण)

क. ......................

ख. ......................

ग. ......................

घ. ......................

६. पशुपन्छी पालन व्यवसायमा अनुभवः

७. तालिम सम्बन्धी विवरण :

८.सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः गत आ.व.को कारोवार .................................बार्षिक विवरण

| क.सं. | महिना | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | श्रवाण | | | |
| २ | भाद्र | | | |
| ३ | असोज | | | |
| ४ | कार्तिक | | | |
| ५ | मंसिर | | | |
| ६ | पौष | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | माघ | | | |
| ८ | फागुन | | | |
| ९ | चैत्र | | | |
| १० | वैशाख | | | |
| ११ | जेष्ठ | | | |
| १२ | असार | | | |
| | बार्षिक जम्मा | | | |

९. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तताः ( ) प्रभाव पार्ने वा ( ) नपार्ने

१०. उत्पादित वस्तुको बजार योजनाः

११. व्यवसाय दिगो हुन्छ भन्ने आधारहरुः

क. .......................

ख. ......................

कार्ययोजना पेश गर्नेः

नामः .......................

पदः ..........................

दस्तखतः .......................

पदः .......................

मितिः .......................

संस्थाको छापः .......................

ज) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (उत्पादन प्रवर्द्धन कार्यक्रम सहयोग)

यस कार्यक्रममा सहभागी हुन कार्यालयले १ महिनाको सूचना अवधि दिई कृषकहरूलाई कार्यक्रममा सहभागी हुन आह्वान गर्नेछ। अन्य कुनै निकायबाट प्रतिफलमा आधारित प्रोत्साहन सहयोग पाएकोमा बाली/वस्तु दोहोरो नहुने गरी प्रतिफलमा आधारित प्रोत्साहन सहयोग उपलब्ध गराउन सकिनेछ। उल्लेखित मापदण्ड पूरा गरेका अनुदानग्राही/सेवाग्राही यस कार्यक्रममा सहभागी हुन सक्नेछ।

| सि.न. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रू. |
|---|---|---|---|---|
| ८.१ | दुध उत्पादन | • गत आ.व. को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• समूह वा सहकारी वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले संस्थागत रूपमा खरिद बिक्री गरेको हुनुपर्ने,<br>• समूह वा सहकारी वा फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले दुधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने,<br>• दुधको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने,<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने,<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको | • आवेदकको नागरिकताको प्रतिलिपि,<br>• सहकारी वा कम्पनीले संस्थागत अभिलेख,<br>• जिल्ला स्थित विषयगत कार्यालय वा सम्वन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• सहकारीले आँफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,<br>• सहकारी वा संस्थागत रूपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख,<br>• स्थायी लेखा नं., करचुक्ता कागजात,<br>• दुधको कारोबार खुल्ने वार्षिक लेखा | प्रति लिटर अधिकतम रु. २/-<br>(कृषकलाई बैंक मार्फत भुक्तानी हुने) |

| .न. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रू. |
|---|---|---|---|---|
| | | हुनुपर्ने,<br>• प्रति समूह/सहकारी/कम्पनीले तराईमा मासिक औषत कम्तीमा ७००० लिटर र पहाडमा मासिक औषत कम्तीमा ३००० लिटर उत्पादन तथा बिक्री गरेको हुनु पर्ने,<br>• निजी फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीको हकमा मासिक औषत कम्तीमा २५०० लि. उत्पादन तथा बिक्री गरेको हुनु पर्ने, | परीक्षण प्रतिवेदन र आवेदकको बैक खाता नं.। | |
| .२ | माछा/मासु/ अण्डा (बाख्रा/भेंडा/बगुंर/रागां/माछा) उत्पादन | • गत आ.व. को उत्पादन गरेको बाख्रा, भेडा, बगुंर, अण्डा, अण्डा तथा माछाको मासु कारोवारको अभिलेख पेश गर्नु पर्ने।<br>• समूह वा सहकारी वा निजी उद्यमीले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने।<br>• वार्षिक सङ्कलित बिक्री योगय खसी/बोका/भेंडा/बगुंर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने।<br>• मासु वा माछा वा /अण्डाको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशु सेवा कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने।<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने।<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको | • पशु पन्छी वा माछा पालकको अभिलेख।<br>• सम्बन्धित वडा वा स्थानीय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• बीमा गरिएको भए बीमालेख।<br>• आवेदकको खरिद बिक्री अभिलेख।<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण।<br>• कृपकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण। | प्रति कि.ग्रा. अधिकतम<br>जिउँदो खसी/बोका/भेडाको हकमा रु. २५ का दरले,<br>जिउँदो रांगाको हकमा बरु. १५ का दरले,<br>जिउँदो बगुंरको हकमा रु. १५ का दरले,<br>माछाको हकमा रु. १५ का दरले,<br>अण्डाको हकमा रु २५० प्रति हजार गोटाका दरले।<br>(कृपकलाई बैंक मार्फत भुक्तानी हुने) |

| .न. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रू. |
|---|---|---|---|---|
| | | हुनुपर्ने। वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/ रौंगा/माछा उत्पादक सहकारी संस्था आफैंले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने,<br>• खसी/बोका/भेंडाको हकमा सहकारीबाट १०० वा बंगुरको हकमा प्रति सहकारी प्रति वर्ष ४० वा रौंगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा २० गोटाको कारोबार गरेको हुनुपर्ने<br>• निजीको हकमा खसी बोका ५० वा रौंगा २० वा बंगुर २५ गोटा प्रति वर्ष विक्रिको कारोबार गरेको हुनुपर्ने<br>• माछा उत्पादनमाः निजीको हकमा तराईमा २ मे.ट, पहाडमा १ मे.ट प्रति वर्ष विक्रि कारोबार गरेको हुनुपर्ने। सहकारीको हकमा १० मे.ट वार्षिक कारोबार गरेको हुनुपर्ने।<br>• अण्डा उत्पादनः मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। | • कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>• आवेदकको बैंक खाता नं.। | |
| .३ | मत्स्य ह्याचरी वा नर्सरी | • सम्पूर्ण पूर्वाधार व्यवस्थित भई ह्याचरी वा नर्सरी पूर्ण रूपमा सञ्चालनमा रहेको हुनुपर्ने,<br>• न्यूनतम १ हेक्टर जलाशयमा नर्सरी तथा रेयरिङ्ग पोखरीको व्यवस्था हुनुपर्ने,<br>• ह्याचरी वा नर्सरीकर्ता आफैले मत्स्य बीज बेचविखनको प्रबन्ध गर्नुपर्ने,<br>• मत्स्य बीज कारोवारको बिल बीजक जारी गरी अभिलेख राख्नु पर्ने, फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्ने, | • व्यावसायिक योजना,<br>• सम्बन्धित स्थानीय तह वा विज्ञ केन्द्रको स्थलगत निरीक्षण सहितको प्राविधिक प्रतिवेदन र सिफारिस,<br>• बिक्री वितरणको अभिलेख, कारोवारको तथा आम्दानी खर्च देखिने कागजातहरू<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण। | • ह्याचलिङ्ग रु ३०० प्रति लाख<br>• फ्राइ रु २००० प्रति लाख<br>• फिङ्गरलिङ्ग रु ५००० प्रति लाख<br>• एडभान्स फिङ्गरलिङ्ग रु १०००० प्रति लाख<br>• इएरलिङ्ग रु १ प्रति गोटा<br>(कृषकलाई बैंक मार्फत भुक्तानी हुने) |

| सि.न. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रू. |
|---|---|---|---|---|
| | | • स्वस्थ ,परिपक्व २ केजी भन्दा माथिको माउ प्रजननमा प्रयोग गर्नुपर्ने,<br>• उत्पादित मत्स्य बीजलाई उचित आहाराको व्यवस्था गर्नुको साथै रोग तथा परजीवी विहीन हुनुपर्ने। | • कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>• आवेदकको बैंक खाता नं.। | |